INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
**INHURED INTERNATIONAL**
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

*प्रेस विज्ञप्ति*

# मानव अधिकार हटलाइन प्रारम्भ

*ललितपुर, २०६४ श्रावण ६ गते ।*

नेपाल सरकार तथा नेकपा (माओवादी) बीच सम्पन्न "विस्तृत शान्ति-सम्झौता" पश्चात् मुलुकमा संचालित सशस्त्र द्वन्द्वको औपचारिक रुपमा अन्त्य भएको घोषणा गरिएको छ । सोही सम्झौताको आधारमा हिंसात्मक गतिविधिहरू परित्याग गरी कानुनी राज, मानव अधिकार तथा लोकतान्त्रिक परिपाटीबमोजिम राज्य संचालन गर्न संयुक्त अन्तरिम सरकार गठन गरिएको सर्वविदितै छ ।

विस्तृत शान्ति-सम्झौतापश्चात् मुलुकमा शान्ति स्थापना भई सहज रुपमा राजनीतिक संक्रमण हुने आम जनमानसको अपेक्षामा तुषारापात हुन पुगेको छ । एकातिर सम्झौताकार पक्ष स्वयंम शान्ति सम्झौताको बर्खिलाप हुनेगरी मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा उद्धत् छन् भने अर्कोतर्फ संक्रमणकालीन राजनीतिक शून्यताको फाइदा उठाउँदै विभिन्न समूहहरुले गैर-कानुनी हत्या, अपहरण, बेपत्ता, चन्दा आतंक र विस्थापनजस्ता गतिविधिलाई तीब्र बनाएका छन् । संक्रमणकालीन शून्यताको परिवेशमा राज्यका संयन्त्रहरु पूर्ण रुपमा क्रियाशील हुन सकिरहेका छैनन् । क्षेत्रीय विखण्डनता तथा जातीय हिंसा हुनसक्ने गम्भीर मोडबाट मुलुक गुज्रिरहेको छ । बहुप्रतिक्षित संविधानसभाको निर्वाचनको मिति तय भइसकेको वर्तमान अवस्थामा हिंसाका घटनाहरूमा बृद्धि हुने तथा संक्रमणकाललाई न्यायोचित ढङ्गबाट अविलम्ब सम्बोधन नगरिएको खण्डमा नागरिकको बाँच्न पाउने अधिकार लगायत् अन्य अहरणीय अधिकारहरूको व्यापक स्तरमा उल्लंघन हुने प्रायः निश्चित छ ।

आम नागरिकहरुको निम्ति सुरक्षाको प्रत्याभूति नभएको, दण्डहिनताको संस्कृति मौलाइरहेको तथा मानव अधिकारको उल्लंघनप्रति जवाफदेहिता शून्य रहेको विद्यमान जटिल परिस्थितिलाई मध्येनजर गरी मानव अधिकारकर्मी संस्था पपुलेशन वाचको सहकर्मीतामा इन्हुरेड इन्टरनेशनलले २०६४ श्रावण ६ गते (जुलाई २२, २००७) देखि "संक्रमणकालीन मानव अधिकार हटलाइन (Human Rights HotLine)" अभियान आरम्भ गरेको छ । यस अभियानअन्तर्गत संक्रमणकालीन अवस्थामा हुने मानव अधिकार उल्लंघनका घटनाहरूलाई सम्बन्धित व्यक्तिहरुले जुनसुकै बेला जुनसुकै ठाउँबाट फोन, इमेल, फ्याक्स, पत्रमार्फत् तथा कार्यालयमा उपस्थित भई जानकारी गराउन सक्नेछन् ।

प्राप्त घटनाको प्रकृति हेरी पीडितलाई न्याय दिलाउन एवं मानव अधिकार उल्लंघनकारीलाई जवाफदेही बनाउन संस्थाले अन्य मानव अधिकारकर्मी संस्थाहरुको संयोजनमा विशेष अभियान चलाउनेछ । निकट भविष्यमै संस्थाले यस अभियानलाई पाँचवटै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयको स्थापना गरी पीडितहरुको सुनुवाई ग्रहण गर्नेछ भने हाललाई केन्द्रीय कार्यालयद्वारा नै संक्रमणकालमा हुने मुलुकभरका मानव अधिकार उल्लंघनका विशेष घटनाहरुलाई अभिलेख गर्नेछ ।

**मानव अधिकार हटलाइन**
*केन्द्रीय सचिवालय*
पो.ब.नं. १२६८४, झम्सीखेल, ललितपुर
हटलाइन फोन : ०१-५५३१८९६ फ्याक्स : ०१-५५४७६१६
इमेल : info@popwatch.org.np www.inhurednepal.org

डा. गोपाल कृष्ण सिवाकोटी
*अध्यक्ष*